# छिपहरमाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### भिस्वा, पर्सा

### २ नं.प्रदेश,नेपाल

## ठेक्का बोलकबोल सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०६/१०

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ बमोजिमयस छिपहरमाई गाउँपालिकाको स्वामित्वमा रहेका तपसिल बमोजिमको सार्वजनिक पोखरीहरुमा माछापालन गरी बिक्रि वितरण तथा उपभोग गर्न पाउने गरी बोलकबोल डाँक बढाबढबाट लिएको ठेक्का अवधि २०७४ असार मसान्तमा समाप्त भएको र मिति २०७५।०३।२१ को गाउँसभाको निर्णय अनुसार यस कार्यलाई निरन्तरता दिन निम्न सर्तहरुको अधिनमा रहने गरी इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक गोप्य शिलबन्दी दरखास्त आह्वान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५दिन भित्र नेपाली नागरिकताको प्रतिलिपि सहित रु. १०/- को टिकट टाँसी यस गाउँपालिकामा दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | वडा नं. | पोखरीको नाम र ठेगाना | ठेक्का अवधि | कठा | न्युनतम ठेक्का रकम प्रति कठा | प्रति वर्ष रकम | |
|---|---|---|---|---|---|---|---|---|
| १. | ४।०७५।०७६ | १ | देवी स्थान पोखरी, मिर्जापुर | १ वर्ष | २.५ | १००००.०० | २५०००.०० | |
| २. | ५।०७५।०७६ | २ | भेडिहरवा पोखरी, सम्भौता | ,, | ६.६ | १००००.०० | ६६०००.०० | |
| ३. | ६।०७५।०७६ | २ | नवगावा पोखरी, सम्भौता | ,, | ३.५ | १००००.०० | ३५०००.०० | |
| ४. | ७।०७५।०७६ | २ | चरगाहा पोखरी, सम्भौता | ,, | ३.७५ | १००००.०० | ३७५००.०० | |
| ५. | ८।०७५।०७६ | २ | ट्युहुकी पोखरी, सम्भौता | ,, | ३.५ | १००००.०० | ३५०००.०० | |
| ६. | ९।०७५।०७६ | ४ | छिपहरमाई पोखरी, तुलसीवर्वा | ,, | ८५.१४ | १५०००.० | १२७७१००.०० | |
| ७. | १०।०७५।०७६ | ४ | विजली पोखरी, तुलसीवर्वा | ,, | ४५.९ | १५०००.०० | ६८८५००.०० | |
| ८. | ११।०७५।०७६ | ५ | भिस्वा पोखरी, भिस्वा | ,, | २१.६ | १००००.०० | २१६०००.०० | |
| ९. | १२।०७५।०७६ | ४ | डवरी पोखरी, तुलसीवर्वा | ,, | ५.५ | १००००.०० | ५५०००.०० | |

**सर्तहरू**

१. ठेक्का बोलकबोल गर्ने व्यक्तिले खामको बाहिर पटी ठेक्काको नम्बर, पोखरीको नाम, ठेगाना र छिपहरमाई गाउँपालिकाको कार्यालय, भिस्वाभनी प्रष्ट लेख्नुपर्नेछ ।

२. ठेक्का डाँक बढाबढ निवेदनबाटै गर्नु पर्नेछ ।

३. निवेदन दर्ताको लागि पछि फिर्ता नहुने गरी यस गाउँपालिकाको कार्यालयबाट रु. १,०००।- (एक हजार मात्र) को नगदी रसिदलिई निवेदन साथ पेश गर्नुपर्नेछ ।

४. ठेक्काको हकमा सूचना प्रकाशित मितिले १५ औं दिनको १:०० बजे भित्र छिपहरमाई गाउँपालिकामा निवेदनदर्ता गराई सक्नु पर्नेछ र सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा शिलबन्दी बोलपत्र खोलिने छ । उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । शिलबन्दी बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. शिलबन्दी बोलपत्रमा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिइनेछ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएको शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६. गत विगत बर्षहरुमा यस गाउँपालिकालाई बुझाउनु पर्ने ठेक्का रकम नबुझाउने ठेक्केदारले रकम बुझाएपछि मात्र ठेक्कामा भागलिन पाउने छन् ।

७. निवेदनको साथ आफूले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.बा.बैंक विरगंज शाखामा रहेको हि.नं. १२५०३०३००७१०२ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस गाउँपालिकाको नाममा जारी गरेको ९० दिन म्याद भएको विड वण्डको सक्कलै प्रति संलग्नगर्नुपर्नेछ ।

८. बोलपत्र स्वीकृत गर्ने वानगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहने छ ।

९. ठेक्काको हकमा ठेक्का सम्झौता गर्दा कुल ठेक्का अंकको प्रथम किस्ता वापत हुन आउने रकमको १०० प्रतिशत नगदै बुझाउनु पर्नेछ ।

१०. ठेकेदारले सम्झौता बमोजिम सम्पूर्ण किस्ता चुक्ता गरी सकेपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।

११. ठेक्का लिए वापत प्रचलित कानुन बमोजिम कुनै शुल्क, कर, दस्तुर इत्यादी तिर्नुपर्ने दायित्व ठेकेदारको रहनेछ ।

१२. ठेक्का स्वीकृत भई गाउँपालिकाले माग गरे बमोजिमको पहिलो किस्ता रकम दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ । ठेक्का सम्झौता गरेपछि कार्यालयबाट चलन पुर्जी लिई तोकिएको मितिबाट ठेक्का सञ्चालनगर्न पाईनेछ ।

१३.ठेक्का चलन गर्दा प्रचलित कानून अनुसार मात्र चलन गर्नुपर्ने छ । गाउँपालिका वा सार्वजनिक हित विपरित कुनै पनि कार्य गर्न गराउन ठेकेदारले पाउने छैन ।

१४. बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ ।

१५. ठेक्का सम्बन्धीकुनै विवाद भएमा गाउँपालिकाको निर्णय नै मान्यहुनेछ ।

१६. नेपाल सरकार र छिपहरमाई गाउँपालिकाको कार्यालयबाट समय समयमा दिइने निर्देशनको पालनागर्नु ठेकेदारको कर्तब्यहुनेछ । सो पालनको कारणबाट समान्य क्षति वा घाटा भएको भनीक्षतिपूर्ति वा मिनाहा, छुट केही पनि प्राप्त हुने छैन ।

१७. यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. ठेक्का अवधि ५(पाँच) वर्षको लागि हुनेछ ।

नोट : *अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।*

पाक्रम खाँ
प्रमुख प्रशासकीय अधिकृत